श्री

टेलीफोन नं. ०९१-५२११३०
फ्याक्स नं. ०९१-५२७३६९

# कैलाली जिल्ला अदालत

धनगढी, कैलाली

visit nepal 2020 Lifetime Experiences

सूचना प्रकाशित मिति:- २०७६।०५।१०

## बिषयः- मेलमिलापकर्ताको रुपमा सूचिकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना।

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को नियम ६ र १० बमोजिम प्रत्येक बर्ष मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन निवेदन माग गर्नुको साथै मेलमिलाप केन्द्रमा सूचिकृत रहेका मेलमिलापकर्ताहरुको सूचि अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत भएका मेलमिलापकर्ताहरु र नयाँ तालिम प्राप्त सूचिकृत हुन चाहने मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस आर्थिक बर्ष २०७६।०७७ का लागि मेलमिलापकर्ताको सूची अद्यावधिक गर्न विवरण सहित निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

२०७६।५।१०
श्रेष्ठ
(उपसचिव)
कैलाली जिल्ला अदालत

**निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरुः-**

१) मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी।
२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
४) मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी।
५) मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको नियमावली, मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपी।
६) व्यक्ती भए मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो -२ प्रति।

नोटः- निवेदन फाराम यस अदालतको वैबसाइट (www.supremecourt.gov.np/court/kailalidc) तथा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

श्री
# कैलाली जिल्ला अदालत
धनगढी, कैलाली
टेलीफोन नं. ०९१-५२११३०
फ्याक्स नं. ०९१-५२७३६९

visit nepal 2020

सूचना प्रकाशित मितिः- २०७६।०५।१३

## बिषयः- सूचना ! सूचना !! सूचना !!!

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता सम्वन्धी विषयलाई मध्यनजर गरी बाल समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकाले देहायको योग्यता पुगेका व्यक्तीले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस अदालतमा दरखास्त दिनु होला।

२०७६।५।१३
(उपसचिव)
कैलाली जिल्ला अदालत

**योग्यताः-**

क) बालमनोविज्ञ वा बाल विशेषज्ञः-

- मान्यता प्राप्त विश्वविद्यालयबाट मोनोविज्ञान बिषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

ख) बाल समाजसेवी

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको बिषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।